PRO PUBLIC जनहित संरक्षण मञ्च
Forum for Protection of Public Interest
Seeking and obtaining social, economic, environmental and political justice for the disadvantaged and marginalised groups

Our Ref: मिति: २०७२ श्रावण ५ गते

श्रीमान् सभापतीज्यू
नागरिक सम्बन्ध तथा सुझाव समिति, संबिधानसभा
काठमाण्डौ, नेपाल

**बिषयः नेपालको संबिधान, २०७२ (प्रारम्भिक मस्यौदा) मा सुझावको सम्बन्धमा ।**

**महोदय,**
सर्वप्रथमतः नेपाली जनताले बिगत छ दशकभन्दा बढी लामो समयदेखि लिएको सपनालाई नेपालको संबिधान, २०७२ को प्रारम्भिक मस्यौदा तयार गरी आम नागरिकहरूको सुझावका लागि आव्हान गर्नुभएकोमा हार्दिक धन्यवाद दिन चाहन्छौं ।

यसै सन्दर्भमा यसका मञ्चका तर्फबाट नेपालको संबिधान २०७२ (प्रारम्भिक मस्यौदा) मा  गरिएका सुझावहरू यसै पत्रसाथ संलग्न गरी पेश गरिएको जानकारी गराउँदै उक्त सुझावहरूलाई नेपालको संबिधान २०७२ मा संलग्न गरी जारी गरेर नेपाली नागरिकका हक र अधिकारहरूलाई सुनिश्चित गर्ने दिशामा अझ सकारात्मक र सृजनशिल योगदान पुर्‍याउनुहुन हार्दिक अनुरोध गर्दछौं ।

सफलताको शुभकामनसहित ।

भवदीय,

बरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा
कार्यकारी निर्देशक

पो.ब.नं. १४३०७, गौतमबुद्ध मार्ग, अनामनगर, काठमाण्डौं, नेपाल, फोन नं. ९७७ १ ४२६८६८१ फ्याक्स: ९७७ १ ४२४१५२०
P.O. Box: 14307, Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal, Phone: 977 1 4268681 Fax: 977 1 4241520
E-mail: propublic@wlink.com.np     www.propublic.org

Our Ref:

# जनहित संरक्षण मञ्च प्रो पब्लिकका तर्फबाट
# नेपालको संविधान, २०७२
# प्रारम्भिक मस्यौदामा सुझाव

| प्रारम्भिक मस्यौदामा भएको व्यवस्था | परिवर्तनका लागि सुझाव | कारण |
|---|---|---|
| **नेपाल राज्यः** (१) नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी लोकतन्त्रात्मक, समाजवाद उन्मुख, गणतन्त्रात्मक, बहुजातीय राज्य हो, जसलाई संक्षेपमा नेपाल भनिनेछ । | नेपाल राज्य : (१) नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, बैदिक, सनातन् आध्यात्मिक, समावेशी लोकतन्त्रात्मक, समाजवाद उन्मुख, गणतन्त्रात्मक, बहुजातीय राज्य हो, जसलाई संक्षेपमा नेपाल भनिनेछ । | अन्य धर्मको पूर्ण सम्मानका साथ बिश्व मानचित्रमा नेपालको गौरवपूर्ण ऐतिहासिक बिशेष चिनारीलाई कायम गरीराख्न । |
| **१२. वंशजको आधारमा नागरिकता :**<br><br>(ख) कुनै व्यक्तिको नेपालमा जन्म हुँदाका बखत निजको आमा वा बाबु मध्ये एक नेपाली नागरिक रहेकोमा नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुबै नेपाली नागरिक रहेछन् भने त्यस्तो व्यक्ति । | **१२. वंशजको आधारमा नागरिकता :**<br><br>(ख) कुनै व्यक्तिको नेपालमा जन्म हुँदाका बखत निजको आमा वा बाबु मध्ये एक नेपाली नागरिक रहेकोमा व्यक्ति बालिग भईसकेपछि निजले अन्य कुनै देशको नागरिकता नलिई नेपालकै नागरिकता लिन चाहेमा । | व्यक्ति बालिग भईसकेपछि निजको रोजाईका आधारमा नागरिकता प्राप्त गर्न सक्ने अवस्था सुनिश्चित गर्न |

Our Ref:

| | | |
|---|---|---|
| **१३. अङ्गीकृत नागरिकता सम्बन्धी व्यवस्था :** | **१३. अङ्गीकृत नागरिकता सम्बन्धी व्यवस्था :** | महिला र पुरुषका बिचमा भएको बिभेदपूर्ण व्यवस्थालाई हटाई समान व्यवस्था कायम गर्न |
| (१) यो संविधान प्रारम्भ भएपछि नेपाली नागरिकसँग विवाह गर्ने विदेशी पुरुषले वैवाहिक अङ्गीकृत नागरिकता लिन चाहेमा नेपालमा पन्ध्र वर्ष स्थायी बसोबास गरी विदेशको नागरिकता परित्याग गर्ने कारबाही चलाएमा कानुन बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ । | (१) यो संविधान प्रारम्भ भएपछि नेपाली नागरिकसँग विवाह गर्ने विदेशी पुरुषले वैवाहिक अङ्गीकृत नागरिकता लिन चाहेमा नेपालमा पन्ध्र वर्ष स्थायी बसोबास गरी विदेशको नागरिकता परित्याग गरेपश्चात कानुन बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ । | |
| (२) नेपाली नागरिकसँग विवाह गर्ने विदेशी महिलाले नेपालको नागरिकता लिन चाहेमा निजले विदेशको नागरिकता परित्याग गर्ने कारबाही चलाएपछि कानुन बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ । | (२) नेपाली नागरिकसँग विवाह गर्ने विदेशी महिलाले नेपालको वैवाहिक अङ्गीकृत नागरिकता लिन चाहेमा नेपालमा पन्ध्र वर्ष स्थायी बसोबास गरी विदेशको नागरिकता परित्याग गरेपश्चात कानुन बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ । | |

पो.ब.नं. १४३०७, गौतमबुद्ध मार्ग, अनामनगर, काठमाण्डौं, नेपाल, फोन नं. ९७७ १ ४२६८६८१ फ्याक्स: ९७७ १ ४२४१५२०
P.O. Box: 14307, Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal, Phone: 977 1 4268681 Fax: 977 1 4241520
E-mail: propublic@wlink.com.np www.propublic.org

Our Ref:

| | | |
|---|---|---|
| **२२. स्वतन्त्रताको हक:** (१) कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन । (२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :-<br><br>(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,<br>(ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,<br>(ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता,<br>(घ) संघ र संस्था खोल्ने स्वतन्त्रता,<br>(ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता,<br>(च) कुनै पेशा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्ने स्वतन्त्रता । | (क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,<br>(ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,<br>(ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता,<br>(घ) संघ र संस्था खोल्ने स्वतन्त्रता,<br>( ङ ) कुनै पेशा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्ने स्वतन्त्रता<br>(च) स्वतन्त्रतापूर्वक हिँडडुल, आवजावत र बसोबास गर्ने स्वतन्त्रता<br>(द्ध) नेपालको कुनैपनि भागमा माथिका सम्पूर्ण क्रियाकलाप गर्न सक्ने स्वतन्त्रता । | साविकको व्यवस्थामा ((ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता) भनिएकोले भोलिका दिनमा अन्य बुँदाहरूको अभ्यासका लागि नेपालको सबै प्रदेशहरूमा गर्न नपाईने भन्ने व्याख्या हुनसक्ने अवस्था आउन नदिनका लागि |
| अपराध पीडितको हक : (१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ ।<br>(२) अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति पाउने हक हुनेछ । | उपधारा ३ थप गर्ने : अपराध पिडितलाई आफु विरुद्ध अपराध गर्ने अपराधीलाई राज्यद्धारा दण्ड सजाय गराउने तथा आफनो कानून व्यवसायीद्धारा पतिनिधित्वको हक हुनेछ ।<br>उपधारा ४ थप गर्ने : मानव वेचविखान तथा जवरजस्ती करणी अपराधका पिडितलाई कानुन वमोजिम राज्यद्धारा क्षतिपुर्ति, परिपुरण तथा सामाजिक पुर्नस्थापनाको हक हुनेछ । | मानव वेचविखान सम्वन्धि अपराध एक गम्भीर संगठित मानवता विरुद्धको अपराध हो । नेपाल मानव अधिकार संवन्धि प्रमुख अन्तर्राष्ट्रिय महासन्धिहरुको पक्ष राष्ट्र भएकोलेमानव वेचविखन तथा ओसारपसार संवन्धि अपराधलाई नियन्त्रण गर्न प्रभावकारी संवैधानिक व्यवस्था गर्नु नेपालको दायित्व भएकोले अपराधीलाई कानुनको दायरामा ल्याउन प्रभावकारी संवैधानिक व्यव्स्था गरिनु आवश्यक छ । |

पो.ब.नं. १४३०७, गौतमबुद्ध मार्ग, अनामनगर, काठमाण्डौं, नेपाल, फोन नं. ९७७ १ ४२६८६८१ फ्याक्स: ९७७ १ ४२४१५२०
P.O. Box: 14307, Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal, Phone: 977 1 4268681 Fax: 977 1 4241520
E-mail: propublic@wlink.com.np www.propublic.org

| | | |
|---|---|---|
| ३४. शोषण विरुद्धको हक : (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ । (२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन । (३) मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन र त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ । (४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन । तर यस उपधारामा उल्लिखित व्यवस्थाले सार्वजनिक प्रयोजनको लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन । (५) उपधारा (३) र (४) विपरीतको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई पीडकबाट कानुन बमोजिम मनासिब क्षतिपूर्ति पाउने हक हुनेछ । | धारा ३४ पछि धारा ३५ **मानव वेचविखन विरुद्धको हक** थप गर्नुपर्ने। यस हक अर्न्तगत धारा ३४ (३ ) मा उल्लेखित हक छुट्टयाएर थपिएको धारा ३५ अर्न्तगत निम्न वमोजिम राख्ने । (१) मानिसलाई बेच-बिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन र त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ । (२) उपधारा (१) विपरितको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई पीडक/राज्यबाट कानुन बमोजिम मनासिब क्षतिपूर्ति र परिपुरण पाउने हक हुनेछ । | मानव वेचविखान तथा ओसारपसार विरुद्धको हकलाई अन्तरिम संविधानको धारा २९ मा गरिएको प्रत्याभुति जति पनि वर्तमान मस्यौदा संविधानमा उल्लेख नभएको र त्यसमा अधिकारमुखी अवधारणाबाट सो हकको प्रत्याभुति गरेको पाइदैन । तसर्थ भावी नेपालको संविधान २०७२ मा मानव वेचविखान विरुद्धको हकलाई छुट्टै मौलिक हकको रुपमा राखिनु पर्दछ । तसर्थ यस हकलाई संवैधानिक हकको रुपमा प्रत्याभुति गरिनु आवश्यक भएकोले |
| **३६. शिक्षा सम्बन्धी हक:** (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । (२) प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ । | ३६. शिक्षा सम्बन्धी हक : (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । (२) प्रत्येक नागरिकलाई दश जोड दुई तहसम्मको गुणस्तरिय शिक्षा अनिवार्य र निःशुल्क शिक्षा पाउने हक हुनेछ । | दश जोड दुईसम्मको शिक्षालाई अनिवार्य र निशुल्क बनाई प्रत्येक नागरिकलाई उच्च शिक्षासम्मको योग्यता प्राप्त गर्ने अवसरको सुनिश्चितता गरी देशमा शिक्षित नागरिकहरू तयार गर्न । |

PRO PUBLIC
जनहित संरक्षण मञ्च
Forum for Protection of Public Interest
Seeking and obtaining social, economic, environmental and political justice for the disadvantaged and marginalised groups

Our Ref:

| | | |
|---|---|---|
| **४०. स्वास्थ्य सम्बन्धी हक :**<br>(१) प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।<br>(२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।<br>(३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।<br>(४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ । | ४०. स्वास्थ्य सम्बन्धी हक :<br>(१) प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।<br>(२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।<br>(३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।<br><br>(४) प्रत्येक नागरिकलाई स्वास्थ्यसम्बन्धि बिमाको सुनिश्चितता गरिनेछ ।<br>(५) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ । | सरकारको कम लगानीमा प्रत्येक नागरिकको स्वास्थ्यसम्बन्धि अधिकारलाई सुनिश्चित गर्न |
| **४३. महिलाको हक:** (२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन सम्बन्धी हक हुनेछ र लैङ्गिक पहिचानको आधारमा भ्रूणहत्या गर्ने कार्य कानुन बमोजिम दण्डनीय हुनेछ । | ४३. महिलाको हक : (२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुनेछ र लैङ्गिक पहिचानको आधारमा भ्रूणहत्या गर्ने कार्य कानुन बमोजिम दण्डनीय हुनेछ ।<br><br>३) धारा ४३ (३) मा क्षतिपुर्ति भन्ने शव्द पछि र परिपुरण भन्ने शव्द राखी निम्न वमोजिम गरिनु पर्दछ । (३) बालबालिका विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति र परिपूरण पाउने हक हुनेछ । | प्रजनन् भन्ने शब्दले बच्चा जन्माउने प्रक्रियालाई मात्र बुझाउने सक्ने अवस्था हुने हुँदा प्रजनन् स्वास्थ्य भनी समग्र प्रजनन् अवस्थालाई सम्बोधन गनुपर्ने भन्ने भावलाई स्पष्ट पार्नका लागि |

पो.ब.नं. १४३०७, गौतमबुद्ध मार्ग, अनामनगर, काठमाण्डौं, नेपाल, फोन नं. ९७७ १ ४२६८६८१ फ्याक्स: ९७७ १ ४२४१५२०
P.O. Box: 14307, Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal, Phone: 977 1 4268681 Fax: 977 1 4241520
E-mail: propublic@wlink.com.np www.propublic.org

Our Ref:

| | | |
|---|---|---|
| ४४. बालबालिकाको हक : (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ । | धारा ४४ मा निम्न वमोजिमको उपधारा ११ थप गरिनु पर्दछ : (११) बालबालिका विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति र परिपूरण पाउने हक हुनेछ । | |
| **४५. दलितको हक :** | ४५. पछाडी पारिएको व्यक्तिको हक: | दलित शब्दलाई संबिधानमै राखि बिभिन्न व्यवस्था गर्दा अर्को सयौं बर्षसम्म दलित भनेका पानी नचल्ने जाती हुन भन्ने बुझाई रहिराख्ने भएका कारण त्यसो हुन नदिनका लागि पछाडी पारिएको व्यक्तिका रुपमा आवश्यक व्यवस्थाहरू गर्दै जान राम्रो हुने भएकाले । |
| **४९. उपभोक्ताको हक:**<br><br>(१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ ।<br><br>(२) गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । | ४९. उपभोक्ताको हक :<br><br>(१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ ।<br><br>(२) गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई गुणस्तरहिन बस्तु वा सेवा प्रवाह गर्ने व्यक्ति, समूह वा निकायसँग कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । | गुणस्तरहीन वस्तु वा सेवा प्रवाह गर्ने व्यक्ति, समूह वा संस्थाहरूलाई आफ्नो गल्तिको जिम्मेवारी स्वयं वहन गर्ने व्यवस्था गरी त्यस्ता क्रियाकलापहरूलाई निरुत्साहित गर्न । |

| | | |
|---|---|---|
| Our Ref: **(ट) न्याय र दण्ड व्यवस्था सम्बन्धी नीतिः**<br>(१) न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने,<br>(२) सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्ने, | ट) न्याय र दण्ड व्यवस्था सम्बन्धी नीति :<br>(१) न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने,<br>(२) सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता, वार्ता/संवाद जस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्ने, | सामान्य प्रकृतिका विवाद समाधानका लागि बैकल्पिक व्यवस्थाहरू मेलमिलाप, मध्यस्थता जस्तै वार्ता/संवाद पनि एक महत्वपूर्ण र नेपाली समाजमा सफल कार्यान्वयन भईरहेको हुनाले |
| ५५. राज्यका नीतिहरू : राज्यले देहायका नीतिहरू अवलम्बन गर्नेछ :- (क) राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति :<br>५) राष्ट्रिय सुरक्षा नीतिका आधारमा सेना, प्रहरी, सशस्त्र प्रहरी लगायत सबै सुरक्षा निकायलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने,:<br><br>(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति :<br>(१) असहाय अवस्थामा रहेका एकल महिलालाई रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनको लागि समुचित व्यवस्था गर्दै जाने,<br>(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,, | ५५. राज्यका नीतिहरू : राज्यले देहायका नीतिहरू अवलम्बन गर्नेछ :- (क) राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति :<br>५) राष्ट्रिय सुरक्षा नीतिका आधारमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र बल लगायत सबै सुरक्षा निकायलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने,<br><br>धारा ५५ (ञ)मा उल्लेखित प्रावधानमा (२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिला भन्ने शव्द पछि " र बालबालिका"लाई भन्ने थप गरी सो पछि "क्षतिपूर्ति, परिपूरण" भन्ने शव्दहरु राखिनु पर्दछ । | नेपाल प्रहरी र सशस्त्र प्रहरीको क्षेत्राधिकारका बारेमा स्वयं सुरक्षा निकाय र जनमानसको बुझाईमा समेत स्पष्टता नभएकोले स्पष्ट पार्नका लागि<br><br>वालवालिका राष्ट्रको भविष्य भएकाले उनिहरूको संरक्षण गर्नु राज्यको दायित्व भएकोले |

पो.ब.नं. १४३०७, गौतमबुद्ध मार्ग, अनामनगर, काठमाण्डौं, नेपाल, फोन नं. ९७७ १ ४२६८६८१ फ्याक्स: ९७७ १ ४२४१५२०
P.O. Box: 14307, Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal, Phone: 977 1 4268681 Fax: 977 1 4241520
E-mail: propublic@wlink.com.np www.propublic.org

PRO PUBLIC जनहित संरक्षण मञ्च
Forum for Protection of Public Interest
Seeking and obtaining social, economic, environmental and political justice for the disadvantaged and marginalised groups

Our Ref:

| | | |
|---|---|---|
| **६८. राष्ट्रपतिको योग्यता :** (१) देहाय बमोजिमको योग्यता पूरा गरेको व्यक्ति राष्ट्रपति हुनको लागि योग्य हुनेछ :-<br>(क) संघीय संसदको सदस्य हुन योग्य भएको,<br>(ख) कम्तीमा पैंतालीस वर्ष उमेर पूरा भएको, र<br>(ग) कुनै कानुनले अयोग्य नभएको । | ६८. राष्ट्रपतिको योग्यता : (१) देहाय बमोजिमको योग्यता पूरा गरेको व्यक्ति राष्ट्रपति हुनको लागि योग्य हुनेछ :-<br>(क) संघीय संसदको सदस्य हुन योग्य भएको,<br>(ख) कम्तीमा कुनै बिषयमा स्नात्तकोतर उतिर्ण गरेको,<br>(ग) कम्तीमा पैंतालीस वर्ष उमेर पूरा भएको, र<br>(घ) कुनै कानुनले अयोग्य नभएको । | राष्ट्रपतिजस्तो गरिमामय र नेतृत्वदायि पदमा रहने व्यक्तिको शैक्षिक योग्यताको महत्व अपरिहार्य हुने भएकोले |
| **७९. मन्त्रिपरिषदको गठन :** (१) राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई<br><br>प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुनेछ । | जनताको प्रत्यक्ष मतदानबाट निर्वाचित प्रधानमन्त्री | लामो समयदेखि नेपालमा मौलाएको राजनीतिक अस्थिरतालाई अन्त्य गर्न |
| **८३. शपथ :** प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्रीले राष्ट्रपति समक्ष तथा राज्यमन्त्री र सहायक मन्त्रीले प्रधानमन्त्री समक्ष कानुन बमोजिम आफ्नो पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ । | ८३. शपथ : प्रधानमन्त्रीले राष्ट्रपति समक्ष तथा उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीले प्रधानमन्त्री समक्ष कानुन बमोजिम आफ्नो पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ । | प्रधानमन्त्री मातहतमा रहने सम्पूर्ण मन्त्रीहरूलाई प्रधानमन्त्रीप्रति जिम्मेवारी बोध गराउनका लागि |
| **९१. सदस्यको लागि योग्यता :** (१) देहाय बमोजिमको योग्यता पूरा गरेको व्यक्ति संघीय संसदको सदस्य हुन योग्य हुनेछ :-<br>(क) नेपालको नागरिक,<br>(ख) प्रतिनिधिसभाको लागि पच्चीस वर्ष र राष्ट्रिय सभाको लागि पैंतीस वर्ष उमेर पूरा भएको,<br>(ग) नैतिक पतन देखिनेफौजदारी कसूरमा सजाय नपाएको,<br>(घ) कुनै कानुनले अयोग्य नभएको, र<br>(ङ) कुनै लाभको पद धारण नगरेको । | ९१. सदस्यको लागि योग्यता : (१) देहाय बमोजिमको योग्यता पूरा गरेको व्यक्ति संघीय संसदको सदस्य हुन योग्य हुनेछ :-<br>(क) नेपालको नागरिक,<br>(ख) प्रतिनिधिसभाको लागि पच्चीस वर्ष र राष्ट्रिय सभाको लागि पैंतीस वर्ष उमेर पूरा भएको,<br>(ग) कुनै बिषयमा कम्तिमा स्नातक उतिर्ण गरेको,<br>(घ) नैतिक पतन देखिनेफौजदारी कसूरमा सजाय नपाएको,<br>(ङ) कुनै कानुनले अयोग्य नभएको, र<br>(च) कुनै लाभको पद धारण नगरेको । | देशको व्यवस्थापिका, जो आफैमा मर्यादित र देशलाई दिशा निर्देश गर्दछ, जस्तो अङ्गमा बसेर कार्य गर्ने व्यक्तिहरूको शैक्षिक योग्यताको महत्व अपरिहार्य हुने भएकोले |

पो.ब.नं. १४३०७, गौतमबुद्ध मार्ग, अनामनगर, काठमाण्डौं, नेपाल, फोन नं. ९७७ १ ४२६८६८१ फ्याक्स: ९७७ १ ४२४१५२०
P.O. Box: 14307, Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal, Phone: 977 1 4268681 Fax: 977 1 4241520
E-mail: propublic@wlink.com.np www.propublic.org

PRO PUBLIC
जनहित संरक्षण मञ्च
Forum for Protection of Public Interest
Seeking and obtaining social, economic, environmental and political justice for the disadvantaged and marginalised groups

Our Ref.

| | | |
|---|---|---|
| **२१५. न्यायिक समिति :** (१) संघीय र प्रादेशिक कानुन बमोजिम गाउँपालिका वा नगरपालिकालाई प्रदत्त मुद्दा मामिला हेर्ने अधिकारको प्रयोग गर्न प्रत्येक गाउँपालिकामा गाउँ कार्यपालिका उपप्रमुख र नगरपालिकामा नगर कार्यपालिका उपप्रमुखको संयोजकत्वमा एक न्यायिक समिति रहनेछ । (२) उपधारा (१) बमोजिमको न्यायिक समितिमा गाउँपालिकाको हकमा गाउँ कार्यपालिका प्रमुखले तोकेको गाउँ सभाका र नगरपालिकाको हकमा नगर कार्यपालिका प्रमुखले तोकेको नगर सभाका दुईजना सदस्य रहनेछन्। | संघिय र प्रादेशिक कानून बमोजिम गाँउपालिका र नगरपालिकालाई प्रदत्त मुद्दा मामिला हेर्ने अधिकारको प्रयोग गर्न प्रत्येक गाँउ पालिका र नगरपालिकामा कानूनले तोके बमोजिम मेलमिलाप समिति रहनेछ | वर्तमान यो व्यवस्थाले आवश्यक रुपमा राजनितिक व्यक्तित्वहरुलाई विवादमा तान्ने, पक्ष विपक्षमा नचाँहदा नचाँहदै लाग्नु पर्ने र विकास कार्य ओझेलमा पर्ने अवस्था सृजना हुनसक्ने भएकोले । |

पो.ब.नं. १४३०७, गौतमबुद्ध मार्ग, अनामनगर, काठमाण्डौं, नेपाल, फोन नं. ९७७ १ ४२६८६८१ फ्याक्स: ९७७ १ ४२४१५२०
P.O. Box: 14307, Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal, Phone: 977 1 4268681 Fax: 977 1 4241520
E-mail: propublic@wlink.com.np www.propublic.org